# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या १८

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**<u>माटो परिक्षण गरी माटो सुधारको लागी सामाग्री प्रविधि वितरण हस्तान्तरण कार्यक्रम कार्यान्वयन सम्बन्धी, कार्यविधि,२०७६</u>**

खाँडादेवी गाउँपालिका

**कार्यक्रमको पृष्ठभूमिः-** बालीबाट आशातित उत्पादन पाउन उत्पादनका कारकतत्वहरु (जमिन,माटो,मल,विऊ र उन्नत प्रविधि) मा विषेश ध्यान दिनुपर्ने हुन्छ। त्यसमा पनि जमिन र माटो बालीको आधार भएको विशेष भुमिका हुन्छ। माटो पृथ्वीको सतहको त्यो पदार्थ हो, जुन चट्टानहरु खिईएर वा टुक्रिएर तथा जिवजन्तु र वनस्पतिको अवशेषहरुबाट बनेको हुन्छ।

जमिनमा माटो, मल, जल र प्रविधिको उचित उपयोग र व्यवस्थापनद्वारा बालिबाट बढि र दिगो उत्पादन लिन सकिन्छ। माटोमा कुन कुन तत्वहरुको मात्रा के कति छन्? कुन बालिको लागि कुन मल कति प्रयोग गर्नुपर्छ? माटोमा के समस्या छन्? भन्ने कुराहरु जानकारीको लागि माटोको परीक्षण गराउनुपर्दछ।त्यसैले माटोको नमुना लिनुपर्छ।

माटो परीक्षणबाट माटोमा बाली विरुवाहरुको लागि आवस्यक पर्ने खाद्यतत्वको मात्रा वा अवस्था थाहा पाउन सकिने, माटो परीक्षण नतीजाको आधारमा कुन बालीको लागि कुन मल कति प्रयोग गर्नु पर्दछ? भन्ने कुरा ज्ञान हुन्छ साथै उर्वराशक्तिको सिघ्र जानकारी हुन्छ। माटो परीक्षणको आधारमा चाहिने मलखाद मात्र प्रयोग गरिने भएकोले अनावश्यक मालखाद प्रयोगमा कटौती हुन्छ। त्यसबाट लाग्ने खर्चमा वचत हुन्छ।साथै प्रदूषणबाट पनि जोगाउँछ।

माटो उर्वराशक्ति कायम राख्दै बढि र दीगो उत्पादन लिन एकीकृत खाद्यतत्व व्यवस्थापन जरुरी भएको छ। यसमा कुन बालीमा खाद्यतत्वहरुको आवश्यकता कति छ? माटोमा खाद्यतत्वहरुको उपलब्ध कति छ? नपुग खाद्यतत्वहरु कुन कुन श्रोतहरुबाट प्राप्त गरि प्रयोग गर्ने? भन्ने वारे जानकारी लिन सकिन्छ।माटोको अवस्थावारे जानकारी पाइने र प्राप्त जानकारी अनुसार माटो व्यवस्थापन, बाली व्यवस्थापन र खाद्यतत्व व्यवस्थापन गरी माटोको उर्वराशक्ति कायम राख्दै उत्पादन बढी र दिगो रुपमा लिन सकिन्छ।बिरुवालाई आवश्यक पर्ने सबै खाद्यतत्वहरु आवश्यकता अनुरुप, ठीक मात्रामा उपलब्ध गराउन, रासायनिक मल सहित

प्राङ्गारिक मलहरुमा सबै सम्भाव्य स्रोतहरुलाई अधिकतम उपभोगमा ल्याई बाली व्यवस्थापन, माटो व्यवस्थापन, खाद्यतत्वलाई व्यवस्थापन गर्दै वातावरण न्युन असर पार्दै माटोको दिगो उर्वराशक्तिको विकास गर्नुपर्दछ।

यो माटोको उर्वराशक्तिको दीर्घकालीन व्यवस्थापन गर्ने भरपर्दो उपायको साथै माटो, मल, पानी र बालीको उचित व्यवस्थापनद्वारा जमीनबाट  बढी तथा दिगो उत्पादन लिन सकिन्छ।माटोको उर्वराशक्ति कायम गर्न एकीकृत खाद्यतत्व व्यवस्थापनले बिभिन्न स्रोतलाई एकीकृत रुपमा माटोको अवस्था, माटो व्यवस्थापन, बाली व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन साथै निर्णयको अवस्थाहरुलाई मध्यनजर गरी कार्यक्रम कार्यान्वयनमा ल्याउँदछ।यस कारण योजनावद्धरुपले खास ठाउँको माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परीक्षण सन्चालन गरिन्छ।

**१.१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खाँडादेवी गाउँपालिककाको माटो परिक्षण गरी माटो सुधारको लागी सामाग्री प्रविधि वितरण हस्तान्तरण कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

३) यो कार्यविधि खाँडादेवी गाउँपालिका भित्र मात्र लागू हुनेछ ।

**१.२ कार्यक्रमको उद्देश्यः-**

क) कृषक सहभागितामा उर्वराशक्तिको जानकारीका साथ माटो विश्लेषण गर्नु।

ख) बाली उत्पादन क्षेत्रमा माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिस गर्नु।

ग) लक्षित बाली उत्पादन हासिल गर्न र

खाँडादेवी गाउँपालिका

घ) दीर्घकालीन रुपमा माटोको उर्वराशक्ति कायम राख्नकोलागि स्थानीय तथा वाह्य स्रोतहरु स्थानीय अवस्था अनुकुल प्रभावकारी रुपमा आवश्यकता अनुरुप प्रयोगमा ल्याउनु हो।

## १.३ कार्यक्रमको सन्चालन प्रकृया (प्राविधिक पक्ष):

१. माटो परीक्षण प्रयोगशालाले माटो परीक्षण शिविर सन्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनु पर्नेछ।

२. कृषकहरुलाई कार्यक्रमबारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ।

३. माटो परीक्षणका लागी माटो नमूना संकलन गर्नुपर्दछ।

४. माटो नमूना संकलन गर्दा आवश्क सामाग्रीहरु स्वायलअगर , खुर्पी वा कोदालो दिने र माटो जम्मा गर्ने प्लाष्टिकको बाल्टी वा अखवार, कपडाको थैला वा प्लाष्टिक थैला, मार्कर ,पेन्सिल आदि आवश्यक पर्दछ।

५. माटो नमूना समकलन गर्दा देहाय वमोजिमको तरिका अपनाउनु पर्दछ।

  १. खेतवारीको माटो जांच गराउनु पर्दा त्यस खेतवारीको पुरै प्रतिनिधित्व हुनेगरी लिनुपर्छ।

  २. सही ढंगबाट लिइको माटोको नमूनाको त्यस खेतवारीको पुरै प्रतिनिधित्व गर्दछ।

  ३. माटो नमूना लिंदा सो ठाउँमा लगाइने बाली अनुसार फरक पर्दछ।

  ४. अन्न तथा तरकारीबालीको जरा जमीनको सतह माथिल्लो सतहमा हुने हुंदा माटोको नमूना पनि माथिल्लो भागबाट लिनुपर्दछ भने फलफूलको जरा गहिरो तहसम्म पुग्ने हुंदा सो अनुसारको गहिराईबाट नै लिनुपर्ने हुन्छ।

  ५. त्यसै गरी बाली अनुसार माटोको नमूना दुई किसिमबाट लिइन्छ।

क) अन्नबाली र तरकारी बाली लगाउने ठाउँको माटोको नमूना लिने तरिकाः-

१) नमूना लिनु अगाडी खेतवारीलाई राम्ररी निरीक्षण गरी एकै किसिमको जग्गाबाट एउटा नमूना आउनेगरी विभाजन गर्नुपर्छ।

२) जग्गालाई विभाजन गर्दा विभिन्न गुणहरु जस्तै माटोको रंग,वनौट, जमिनको भिरालोपन, लगाइएको बाली आदिलाई लिनुपर्दछ।

३) एकै किसिमको गुण भएको जग्गाबाट करिव १०-१५ ठाउँबाट माटोको नमूना झिकी एउटै भाँडोमा जम्मा गर्नुपर्दछ।

४) त्यसबाट एउटा नमुना तयार हुन्छ।

५) नमुना झिक्दा स्वायल  अगर वा कोदालोको प्रयोगबाट गर्न सकिन्छ।

६) यसको लागि नमूना झिक्ने ठाउँको वरिपरिको ढुंगा, घाँसपातलाई हटाउनु पर्छ।

७) त्यसपछी अंग्रेजी अक्षरको ख आकार हुने गरी करिब ६-९ इञ्च गहिराई वा १५ से.मी. खाल्डो वनाउने।

८) अब खाल्डोको माथी देखि तलसम्मको माटो आउनेगरी करिब ३ से.मी. मोटाइको चपरी निकाल्नु पर्छ।

९) यसरी नै सबै ठाउँबाट माटो लिनुपर्छ।

१०) यसरी एउटै भाँडोमा जम्मा गरेको माटोलाई डल्ला फुटाई ढुंगा, जरा पातपतिंगरलाई हटाउने र राम्रोसंग मिलाउने।

११) त्यसपछि माटोलाई सफा अखबार वा प्लाष्टिकको कागज आदि माथि राखेर एकैनासले मिलाएर फैलाउने र सो माटो लाई ४ भाग लगाउने।

खाँदबारी नगरपालिका

१२) ४ भाग मध्ये अगाडी र पछाडी दुई भाग राखेर वाकी दुई भाग हटाउने र सो बाँकी रहेको भागलाई फेरी ४ भाग लगाउने र पहिलेकै तरिका अनुसार नै गर्ने।

१३) एबंम् तरिकाले माटोको तौल आधा किलो नभएसम्म दोहोर्याई रहनुपर्छ।

१४) यसरी लिएको माटोको नमुनालाई एउटा सफा कपडाको थैला वा प्लाष्टिकमा राखुपर्छ।

१५) थैलामा निम्नअनुसारको विवरण कागजमा लेखि राखु पर्छ।

१) कृषकको नाम थर :-
२) ठेगाना :-
३) नमूना लिएको मिति :-
४) नमूना लिएको ठाउँको नाम :-
५) पहिलो लगाएको बालीको नाम :-
६) मलखाद प्रयोग गरेको मात्र :-
७) उत्पादकत्व :-
८) सिंचाईको सुविधा :-
९) निकासको सुबिधा :-
१०) लगाउन चाहेको बाली :-

ख) फलफूल वगैंचाको लागि लगाउने ठाउँको माटोको नमुना लिने तरिका

१) यसको लागी जमिनको सतहबाट ३ फिट मुनिसम्मको माटो संकलन गर्नुपर्दछ।

२) यस्तो खाडल खन्दा १ रोपनीको लागि १ खाडल भए पुग्दछ।

३) जमिनको सतहबाट खन्दा आधा फिटसम्मको एक नमूना, आधा देखि एक सम्मको दोश्रो नमूना।

४) एक फिट देखी दुई फिट सम्म तेश्रो नमूना र २-३ फिट सम्मको चौथो नमूना लिनुपर्छ।

५) यसरी लिएको चारै तहको माटो मध्येको अलग अलग रुपमा नमूना तयार गर्ने

खाँडादेवी गाँउपालिका

६) अन्य कार्यहरु माथिकै तरिकाबाट गर्ने र माटो जाँचको लागी सम्वन्धित माटो प्रयोगशालामा पठाउने।

७) जांचको रिपोर्ट प्राप्त भएपछि सोही अनुसार मलखाद व्यवस्थापन गर्नुपर्छ।

८) माटो नमूना संकलन गर्दा ध्यान पुर्‍याउनु पर्ने कुराहरुः

१) यो कार्य बाली लगाउनु भन्दा पहिले गर्ने।

२) खेतवारीमा मलखाद प्रयोग गर्नु भन्दा पहिले गर्ने।

३) खेतवारीको पुरै प्रतिनिधित्व हुने गरी नमूना लिनुपर्छ।

४) नमूना लिदा खेतवारीको छेउछाउबाट लिनुहुँदैन।

**१.४ कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष):-**

क) विनियोजित बजेटको परिधी भित्ररही बजेट माटो परीक्षण प्रयोगशालामा लाग्ने नमूना विश्लेषण शुःल्क र माटो नमूना ढुवानीमा खर्च गर्न सकिनेछ।

**माटो परीक्षण प्रयोगशालानमूना विश्लेषण शुःल्क दरः-**

| सि.नं. | माटो परीक्षण | दर | कैफियत |
|---|---|---|---|
| १. | प्राङ्गारिक पदार्थ परीक्षण | २० | |
| २. | माटोको पि.एच.परीक्षण | ५ | |
| ३. | टेक्स्चर परीक्षण | १० | |
| ४. | नाइट्रोजन परीक्षण | १५ | |

खाँडबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| ५. | विरुवाले प्राप्त गर्ने फोस्फरस परीक्षण | २५ | |
| ६. | विरुवाले प्राप्त गर्ने पोटासियम परीक्षण | १५ | |
| ७. | शुक्ष्मतत्व परीक्षणः मोलिब्डेनम र बोरोन प्रति तत्व | ३० | |
| ८. | शुक्ष्मतत्व परीक्षणः जिन्क, आइरन, कपर, म्याङ्गनिज प्रति तत्व | ३०० | |

क) कृषक आफैंले ल्याएको वा सरकारी स्वामित्व रहेका निकायबाट आएका सिफारिस पत्र पेश गरेमा नमूना विश्लेषण शुःल्कमा ७५% प्रतिशत छूटहुनेछ।

ख) माटोको नमूना परीक्षणका लागी आवश्यक रिएजेन्ट खरिद वा अन्य स्वीकृत सरकारी/जिल्ला/स्थानीय दर रेट अनुसार आवश्यक सामाग्री खरिद गरी माटो परीक्षण गर्न सकिने छ।

विनियोजित बजेटको परिधि भित्ररही बजेट घुम्ति माटोपरीक्षण सेवा मार्फत माटो परीक्षण गराएमा आवश्यक सामाग्री खरिद र प्राविधिकको दै.भ.भ. मा पनि खर्च गर्न सकिनेछ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।२६**
**प्रमाणीकरण मितिः २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**





गाँउपालिका